# कक्षा ९ र १० मा समाविष्ट कविता र छन्दहरूको प्रयोग

गङ्गा बहादुर के.सी.

**सार**

*मा.वि. तहको नेपाली विषयको कक्षा १० मा प्रश्नोत्तर, वैशाख र सहिदहरूको सम्झनामा शीर्षकका कविताहरू समावेश छन् भने कक्षा नौमा वसन्त, भिखारी र सत्य सन्देश शीर्षकका कविताहरू समावेश छन् । प्रश्नोत्तर,वैशाख, वसन्त, सत्य सन्देश वार्णिक छन्दमा छन् भने भिखारी मात्रिक छन्दमा छ, त्यसैगरी 'सहिदहरूको सम्झनामा' झ्याउरे छन्दको कविता हो । वार्णिक छन्दमा गण सङ्केत आवश्यक हुने, मात्रिक छन्दमा मात्राको (ह्रस्व दीर्घ १-२) गणना हुने र झ्याउरे छन्दमा यो कति अक्षरको छ र कसरी गाइन्छ भन्ने निश्चित गरिन्छ । कविता शिक्षणका दृष्टिले झ्याउरे छन्दमा भएकाले लयवाचन गर्दा 'सहिदहरूको सम्झनामा' सजिलो लाग्छ भने तुलनात्मक रूपमा कति अक्षरमा विश्राम गरेर लयवाचन गर्ने भन्ने कुरामा अरू कविताहरू अलि कठिन लाग्छन् । लयवाचनका दृष्टिले सत्य सन्देश सबैभन्दा कठिन देखिन्छ । मा.वि. शिक्षकहरूको मागमा आधारित तालिममा भिखारी कविता छन्दका दृष्टिले सबैभन्दा जटिल लागेको पाइयो । यस कवितामा सम, अर्धसम र विसम प्रकृतिको मातृक छन्द समावेश भएको र तुलनात्मक रूपमा छन्दका दृष्टिले जटिल भएको प्रतिक्रिया प्राप्त भएकोले यस समस्यामा केन्द्रित रही अध्ययन विश्लेषण गरिएको छ ।*

**मुख्य शब्दहरू:** छन्द, वाणिक छन्द, मातृक छन्द, विश्राम, गणसङ्केत ।

## परिचय

संस्कृतको 'छद्' धातुबाट आएको छन्द शब्दको अर्थ आनन्दित पार्नु, बाँध्नु भन्ने हुन्छ । एउटै गति, यतिमा पढ्न सकिने लयलाई छन्द भनिन्छ । (पराजुली २०५०:२५९)

गति, यति, लय र मात्राको विधानलाई छन्द भनिन्छ । छन्दमा आकर्षण र मिठास हुन्छ । यसको कारण यसको गेयता र सूत्रबद्धता हो । छन्दमा सङ्गीतमा जस्तै सुर हुन्छ । छन्दोबद्ध भाव छिट्टै सम्झन सकिन्छ । शब्दहरूको गतिको संयम नै छन्द हो । (न्यौपाने २०४९: ४१५) साहित्यमा छन्दले कविताको छाँट मिलाउने काम र सुहाउँदो पार्ने युक्तिलाई जनाउँछ । पूर्वीय काव्यशास्त्रमा छन्दका प्रथम विचारक आचार्य पिङ्गललाई मानिन्छ । उनले 'छन्दशास्त्र' नामक ग्रन्थमा यसबारे गहन विचार प्रस्तुत गरेका छन् । छन्द शास्त्रमा छन्दलाई मुख्यतः दुई प्रकारको मानिएको छ । एउटा वृत्त र अर्को जाति, वर्णहरूको गणना गरिने छन्दलाई वृत्त वा वार्णिक छन्द र मात्राको गणना गरिने छन्दलाई जाति वा वर्णमात्रिक छन्द मानिन्छ । गण छुट्याउने सूत्रलाई गणसूत्र भनिन्छ । यमाताराजभानसलगा ।

छन्दमा तिन अक्षरको समूहबाट गण बन्दछ, गणबाट चरण वा पउ बन्छ र पाउहरूबाट श्लोकको रचना हुन्छ । छन्दमा सजीवता हुन्छ, यो प्रभावपूर्ण र चमत्कारपूर्ण हुन्छ । छन्द एक प्रकारको लयको त्यो मूर्त रूप हो, जहाँ गति, यति, वर्ण मात्रा, पाउ आदिको निश्चित नियम हुन्छ र जसले कविताको सौन्दर्य वृद्धिमा सहयता गर्छ । (न्यौपाने : साहित्यको रूपरेखा) नेपाली भाषामा मात्रा छन्द, वार्णिक छन्द र लोक छन्दको प्रयोग भएको पाइन्छ । शार्दूल विक्रीडित, मन्दक्रान्ता, शिखरिणी जस्ता छन्दहरू नेपालीका प्रिय छन्द बनेका छन् ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका सामग्री सङ्कलनका लागि शिक्षक प्रश्नावली तथा मतावलीको प्रयोग गरिएको छ भने अध्ययन विश्लेषणका क्रममा पुस्तकालयीय तथा प्रदर्शन विधिको उपयोग गरिएको छ ।

## समस्या कथन

क. मा.वि. तह कक्षा ९ र १० मा राखिएका कविताहरू तहगत रूपमा उपयुक्त छन् छैनन् ?

ख. नेपाली विषय शिक्षक छन्द प्रयोग सहित कविता शिक्षण गर्दा सन्तुष्ट छन् छैनन् ?

ग. पाठ्यपुस्तकमा छन्द परिचय र प्रयोग सम्बन्धी थप अभ्यास खण्ड राखिएको छ छैन ?

**उद्देश्य**

क. कक्षा नौ र कक्षा दसमा राखिएका कविता छनोट र स्तरणका दृष्टिले उपयुक्त भए नभएको पहिल्याउनु,
ख. नेपाली विषय शिक्षक छन्द शिक्षणमा विश्वस्त भए नभएको पत्ता लगाउनु,
ग. छन्द परिचय र प्रयोग नमुनाहरू थप अभ्यासका रूपमा पाठ्यपुस्तकमा समावेश छन् छैनन् पत्ता लगाउनु ।

**अध्ययनको औचित्य**

प्रस्तुत लेख रचनाबाट शिक्षण अभ्यासमा जाने बि.एड. तेस्रो वर्ष नेपाली विषयका लागि, नेपाली विषय शिक्षकका लागि, कक्षा नौ र कक्षा दशमा पढ्ने विद्यार्थीहरूका लागि, नेपाली विषय शिक्षकको शिक्षक तालिममा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरुको लागि तथा पाठ्यक्रम निर्माता र पाठ्यपुस्तक लेखकका लागि समेत उपयोगी हुने छ ।

**व्याख्या तथा विश्लेषण**

शिक्षण अभ्यासका सन्दर्भमा सुष्म शिक्षणमा सङ्लग्न सुर्खेत क्याम्पस (शिक्षा) नेपाली विषयका ४० जना छात्र शिक्षकहरू र मागमा आधारित तालिममा सङ्लग्न ३५ जना प्रशिक्षार्थीहरूको मत तथा प्रतिउत्तरका आधार मा भिखारी कविता जटिल लागेको पाइएकोले यसैमा केन्द्रित रही गरिएको अध्ययन विश्लेषण यस प्रकार प्रस्तुत गरिएको छ ।

मा.वि. तहमा समाविष्ट कविताहरू मध्ये भिखारी कविता छन्द प्रयोगका दृष्टिले अध्यापनरत शिक्षकहरू र अध्यापन अभ्यास शिक्षणमा सङ्लग्न छात्र शिक्षकहरू दुवै थरिलाई जटिल लागेको पाइयो । निज शिक्षकहरूको अध्यापन कार्य छन्दका दृष्टिले कतिको उपलब्धिपूर्ण भयो भनी सोधेको प्रश्नको उत्तरमा शिक्षक विद्यार्थी दुवैलाई अध्यापन अध्ययनमा पूर्णतया सन्तुष्टि नमिले को प्रतिक्रिया पाइयो ।

मा.वि. तहमा कक्षा नौ नेपाली किताबमा वसन्त, भिखारी र सत्यसन्देश कविताहरू समावेश गरिएका छन् भने कक्षा १० नेपाली किताबमा प्रश्नोत्तर, वैशाख र सहिदहरूको सम्झनामा शीर्षकका कविताहरू समावेश गरिएका छन् । कक्षा नौको वसन्त र सत्य सन्देश कविता वार्णिक छन्दमा छन् भने भिखारी कविता मात्रिक छन्दमा छ । यसैगरी कक्षा १० को प्रश्नोत्तर र वैशाख वार्णिक छन्दमा छन् भने सहिदहरूको सम्झनामा कविता झ्याउरे छन्दमा छ । कक्षा नौ र कक्षा दशमा समावेश गरिएका कविताहरूमा अन्य कविताहरूका तुलनामा भिखारी कविता छन्द प्रयोगका दृष्टिले जटिल मानिन्छ (तालिममा सहभागी विद्यार्थीहरूको अनुसार) । विद्यार्थीहरूका लागि त यो कविता छन्द परिचयसहित जानकारी लिनु दुस्कर नै देखिन्छ भने स्वयंम् शिक्षकहरूका लागि समेत यो छन्द प्रयोगको अवस्था बुझ्न र प्रयोग गरी विद्यार्थीलाई देखाउन कठिन सावित भएको छ ।

कक्षा नौको वसन्त कविता वंशस्थ छन्दमा छ । यसमा जम्मा १२ अक्षरहरू हुन्छन्, लय वाचन गर्दा पाँच अक्षर र सात अक्षरमा विश्राम हुन्छ । यसमा गण सङ्केतहरू निम्नानुसार रहन्छन् :

| ज | त | ज | र |
|---|---|---|---|
| ISI | SSI | ISI | SIS |

वसन्त मेरै, कति गर्छ स्वागत,
अहो ! अहो ! सुन्दर, यो सजावट ।

कक्षा नौको सत्यसन्देश कविता स्रग्धरा छन्दमा छ । यसमा जम्मा २१ अक्षरहरू हुन्छन् । यसमा ७ अक्षर र १४ अक्षरमा विश्राम हुन्छ । अथवा ७-७-७ मा विश्राम गरेर लय वाचन गर्न सकिन्छ । यसमा गण, सङ्केतहरू निम्नानुसार रहन्छन् :

| म | र | भ | न | य | य | य |
|---|---|---|---|---|---|---|
| SSS | SIS | SII | III | ISS | ISS | ISS |

कालो मन्दाकिनीको, जल जलनिधिको, मोतिको ज्योति कालो
कालो सौदामिनीको, चहक सब शरचचन्द्रको कान्ति कालो

कक्षा दशको प्रश्नोत्तर कविता उपजाति र वसन्ततिलका छन्दमा छ । उपजाति छन्दमा पनि इन्द्रबज्रा र उपेन्द्रवज्रा छन् । उपजाति छन्द एघार अक्षरको हुन्छ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| यसमा इन्द्रव्रजामा | त | त | ज | गु | गु | हुन्छ भने |
| | SSI | SSI | ISI | SS | | |
| उपेन्द्र वज्रामा | ज | त | ज | गु | गु | हुन्छ । |
| | ISI | SSI | ISI | S | S | |

यसमा ५ अक्षरमा विश्राम हुन्छ ।

इन्द्रवज्रा कस्लाई हो शत्रु भनेर जान्नु ?
आफ्ना दसै इन्द्रिय शत्रु मान्नु ।

उपेन्द्रवज्रा दरिद्र नाऊँ नरमा छ कस्को ।
विशाल तृष्णा घरमा छ जस्को ।

वसन्त तिलका छन्द : यसमा चौध अक्षर रहछन् । ८ र ६ अक्षरमा विश्राम हुन्छ। यसमा गण सङ्केत निम्नानुसार रहन्छ :

| त | भ | ज | ज | गु | गु |
|---|---|---|---|---|---|
| ऽऽ। | ऽ।। | ।ऽ। | ।ऽ। | ऽ | ऽ |

शोभायमान भइ बस्छ सभा विषे को ?
सब्को प्रसन्न मन गर्दछ शास्त्रले जो ।

कक्षा दसको 'वैशाख' कविता मन्दाक्रान्ता छन्दमा छ । यसमा १७ अक्षर हुन्छन् । ४-१०-७ मा विश्राम हुन्छ । यसमा गण सङ्केत निम्नानुसार रहन्छन् :

| म | भ | न | त | त | गु | गु |
|---|---|---|---|---|---|---|
| ऽऽऽ | ऽ।। | ।।। | ऽऽ। | ऽऽ। | ऽ | ऽ |

आइ कैल्यै पनि नसकिने, चैत वैशाख मेरा
लाई कैल्यै, पनि नसकिने, प्रीति नौलख मेरा

कक्षा दसको 'सहिदहरूको सम्झनामा' झ्याउरे छन्दमा लेखिएको छ । यसमा एक हरफमा १६ अक्षर हुन्छन् । यसमा ५-५ र ६ मा विश्राम हुन्छ ।

यसको संरचना ३+२+३+२+३+३=१६
अथवा ५+५+३+३=१६ हुन्छ ।

हुँदैन बिहान् मिर्मिरमा तारा झरेर नगए
बन्दैन मुलुक् दुई चार् सपूत् मरेर नगए ।

कक्षा नौको 'भिखारी' कविता मात्रिक छन्दमा छ। मात्रिक छन्द : मात्राका आधारमा चल्ने छन्द मात्रिक छन्द हो। अथवा मात्राको गणना गरिने छन्दलाई मात्रिक छन्द भनिन्छ। मात्रिक छन्दमा मात्राको गणना गरिने हुनाले यसमा अक्षरको एकरूपता हुँदैन । यसमा लघु वा ह्रस्व एक मात्रा र गुरु वा दीर्घ दुई मात्रा गनिन्छ ।

मात्रिक छन्द पनि सम, अर्धसम र विषम गरी तिन प्रकारका हुन्छन् । चारै पाउमा एउटै मात्रा हुनेलाई सम, दुईमा एक खाले मात्रा र दुईमा अर्को खाले मात्रा हुने अर्ध सम र चारै पाउमा भिन्नाभिन्नै मात्रा हुनेलाई विषम भनिन्छ । मात्रिक छन्दमा आर्या, दोहा, ललित, चौपाइ, पादाकुलक, चौबोला, द्विपदी, रोला, गीति, उद्गीति, लीलावती आदि नाम गरेका छन्दहरू देखिन्छन् ।

चार मात्राको एक गण हुने र त्यस्ता चार गण मिलेर बनेको सोह्र मात्राको छन्दलाई पादाकुलक भनिन्छ । चारै पाउमा बराबर मात्रा हुने हुनाले 'सम' मात्रिक छन्द हो । यसलाई 'स्कन्धक'वा 'पञ्चभ्फटिका' छन्द पनि भनिन्छ ।
जस्तैः
हेर भिखारी अडि अडि आयो,
करुण दृष्टिले नजर उठायो । भिखारी - लक्ष्मीप्रसाद देवकोटा

तिम्रै सुन्दर हरियालीमा
तिम्रै शीतल वक्षस्थलमा वखलढुङ्गा - सिद्धिचरण श्रेष्ठ

भिखारी कविताको पहिलो श्लोक 'पादाकुलक' सम प्रकृतिको छ भने दोस्रो श्लोक अर्धसम प्रकृतिको छ। यसमा पहिलो दुई हरफ चौबोला (१६+१४) मात्राको र दोस्रो दुई हरफ द्विपदी (१६+१२) मात्रामा छ। अन्य श्लोकहरू विषम प्रकृतिका छन् जसमा प्रत्येक हरफमा फरक फरक मात्रा देखिन्छ ।

छन्दमा निम्नानुसार भेदहरू देखिन्छन् (नेपाल, २०६८):

१. चार मात्राको एक गण, र चारै गण सोह्र मात्राको भएमा - पादाकुलक (सम)
२. पहिलो तेस्रो पाउ १६ मात्रा र दोस्रो चौथो पाउ १४ मात्राको भएमा - चौबोला (अर्धसम)
३. पहिलो तेस्रो पाउ १६ मात्रा र दोस्रो चौँथो पाउ १२ मात्रा भएमा - द्विपदी
४. पहिलो तेस्रो पाउ १२ मात्रा र दोश्रो चौथो पाउ १८ मात्रा भएमा - गीति
५. पहिलो तेस्रो पाउ १२ मात्रा दोश्रो १५ मात्रा र चौथो १८ मात्रा भएमा - उदगीति (विषम)
६. पहिलो तेस्रो पाउ १२ मात्रा, दोश्रो १८ र चौथो १८ मात्रा भएमा - आर्या
७. पहिलो तेस्रो पाउ १३ मात्रा र दोश्रो चौथो मात्रा ११ मात्रा हुने - दोहा
८. चारै पाउ २४ मात्राको भएमा - रोला
९. चारै पाउ ३२ मात्राको भएमा - लीलावती

मातृक छन्दमा लक्ष्मी प्रसाद देवकोटाद्वारा लिखित भिखारी कविताको गहन विश्लेषण निम्नानुसार गरिएको छ :

(१)
हेर भिखारी अडि अडि आयो
करुण दृष्टिले नजर उठायो ।
गाढा दुःखको मौन प्रकाश !
झीना आशा - तार बजायो !
घाम उज्यालो आगन पास !
एक बिन्दुमा गोल खसायो
जीवनको इतिहास !
(७ पङ्क्ति)

(२)
हेर हेर ती झुत्रा चिथरा,
हाय ! हे समय निष्ठुर !
जीवनपथमा विचरा पथरा !
काँपिरहेको थुरथुर !
झल्लर झोली बढाउँछ बबुरा !
करले अस्थिर, काँतर !
(६ पङक्ति)

(३)
वर्ष-वर्षका हेर तुसारा
शिरको उपर गिरेका !
हेर आँसुका खहरेहरूका
मुखमा खोँच परेका
दिन दिनले त्यो छातीमाथि
चिरा चरक्क चिरेका !

(४)
अडि अडि धरमा स्वाँ ! स्वाँ गर्दै !!
बिमौन विलौना वरिपरि गर्दै
आर्तनादको हृदयफुटी,
जड लट्ठीको भरमा पर्दै
भन्दछ, स्वरले छात्ती चिर्दै,
'चामल एक मुठी !!'
जीवन भरको एक पुकारा
चामल एक मुठी
(८ पङ्क्ति)

(५)
मानिससँगमा मानिसको यो
अन्तर्दिलको रोदन !
भाइहरूसँग भिक्षाको यो
मुठी दयाको याचन !
घाम उज्यालो आगनमा यो
एक अँध्यारो अवलोकन !
गुलाबहरूको हाँसोबीच यो,
एक उन्यौँको रोदन ।
(८ पङ्क्ति)

(६)
को होला यो, कसको छोरो ?
कसको बाबु गरीब ?
कुन आमाले काख लिँदामा
बल्थे दृगका दुई दीप ?
कुन आशाले नजर खुलायो
सूर्य, चन्द्रको नजर समीप?
किन मुरझायो ? किन ओइलायो ?
किन मधुरो यो जीवनादीप ?
(८ पङ्क्ति)

(७)
बुद्ध देवको, नजर अगाडि
यही भिखारी आएथ्यो;
मूर्ति यसैमा शब्द यिनैमा
मुटुको शूल कराएथ्यो;
महान् दयाको सागर ठूलो
शब्द यिनैमा लहराएथ्यो;
भेष यसैले बलिको सेखी
पवित्र पारी निठुराएथ्यो !
(८ पङ्क्ति)

(८)
कालो बादलबाट खसेको
अन्धकारमा भित्र बसेको,
ईश्वर हो कि भिखारी ?
बोल्दछ ईश्वर हृदय घुसेको
घर घर, आँगन चारी
बोल्दछ, आर्तध्वनिमा बोल्दछ ।
करुणा मृत दिल भारी ।
(७ पङ्क्ति)
युगयुगभरको आँसुहरूको
सार अपार उतारी
दुःखको दिलमा ईश्वर बोल्दछ
अधर अनन्त उघारी

माग्दछ करुणा भाइहरूमा
आई पृथिवीबारे
माग्दछ भिक्षा ईश्वर मेरो
आँगनमा एक भिखारी।
(८ पङ्क्ति)

हेर भिखारी अडि अडि अयो - २११२२११११२२ -१६
करुण दृष्टिले नजर उठायो - १११२१२११११२२-१६
गाढा दुःखको मौन प्रकाश - २२११२२११२१ -१५
झीना आशा तार बजायो -२२२२२११२२ -१६
घाम उज्यालो आगन पास -२११२२२११२१ - १५
एक बिन्दुमा गोल खसायो -२१२१२२११२२ -१६
जीवनको इतिहास -२११२११२१ -११

२

हेर हेर ती झुत्रा चिथरा -२१२१२२२११२ -१६
हाय हे समय निठुर -२१२११११२१ - १२
जीवन पथमा विचरा पथरा-२११११२११२११२ -१६
काँपिरहेको थुरथुर-२११२२११११ -१२
झल्लर झोली बढाउँछ बबुरा-२११२२१२११११२-१७
करले अस्थिर काँतर -११२२११२११ -१२

३

वर्षवर्षका हेर तुषारा -२१२१२२११२२ -१६
शिरको उपर गिरेका -११२११११२२ -१२
हेर आँसुका खहरेहरूका -२१२१२११२१२२ -१७
मुखमा खोंच परेका -११२२११२२ -१२
दिन दिनले त्यो छातीमाथि -११११२२२२२१ -१५
चिरा चरक्क चिरेका -१२१२११२२ -१२

५

अडि अडि घरमा स्वाँ स्वाँ गदै -१११११११२२२२२-१६
मौन विलौना वरिपरि गर्दै -२११२२११११२२-१६
आर्तनादको हृदय फुटी -२१२१२११११२-१४
जड लट्ठीको भरमा पर्दै -११२२२११११२२-१५
भन्दछ स्वरले छाती चिर्दै -२११२१२२२२२-१७
चामल एक मुठी -२११२११२-१०
जीवन भरको एक पुकारा -२११११२२११२२-१६
चामल एक मुठी -२११२११२-१०
मानिससँगमा मानिसको यो -२११११२२११२२ -१६
अन्तर्दिलको रोदन -२२११२२११ -१२
भाईहरूसँग भिक्षाको यो -२११२११२२२२ -१६
मुठी दयाको याचन -१२१२२२११ -१२

घाम उज्यालो आँगनमा यो -२११२२२११२२ -१६
एक अँध्यारो अवलोकन -२११२२११२११ -१४
गुलाबहरूको हाँसोबीच यो -१२११२२२२२१२ -१८
एक उन्यौंको रोदन -२११२२२११ -१२

६

को होला यो कसको छोरो -२२२२११२२२ -१६
कसको बाबु गरिब -११२२२१२१ -१२
कुन आमाले काख लिँदामा -११२२२२११२२ -१६
बल्थे दृगका दुई दीप -२२११२१२२१ -१४
कुन आशाले नजर खुलायो -११२२२११११२२ -१६
सूर्य चन्द्रको नजर समीप -२१२१२११११२१ -१५
किन मुरझायो किन वैलायो -११२२२११२२२ -१६
किन मधुरो यो जीवन दीप -१११११२२२११२१ -१५

७

बुद्धदेवको नजर अगाडि -२१२१२११११२१ -१५
यही भिखारी आएथ्यो -१२१२२२२२ -१४
मूर्ति यसैमा शब्द यिनैमा -२११२२२११२२ -१६
मुटुको शूल कराएथ्यो -११२२११२२२ -१४
महान् दयाको सागर ठूलो -१२१२२२११२२ -१६
शब्द यिनैमा लहराएथ्यो -२११२२११२२२ -१६
भेष यसैले बलिको सेखी -२११२२११२२२ -१६
पवित्र पारी निहुँराएथ्यो -१११२२११२२२ -१५

८

कालो बादलबाट खसेको -२२२११२११२२ -१६
अन्धकारमा भित्र बसेको -२१२१२२११२२ -१६
ईश्वर हो कि भिखारी -२२१२११२२ -१३
बोल्दछ ईश्वर हृदय धुसेको -२११२२११११२२ -१६
घरघर आँगन चारी -११११२११२२ -१४
बोल्दछ ध्वनिमा घोल्दछ -२११२१२१२२१ -१६
करुणमृत दिल भारी -११२११११२२ -१२

९

युगधुगभरको आँसुहरूको -१११११११२२११२२ -१६
सारअपार उतारी -२११२११२२ -१२
दुःखको दिलमा ईश्वर बोल्दछ -११२११२२११२११-१६
अधर अनन्त उघारी -११११२११२२ -१२
माग्दछ करुणा भाइहरूमा -२१११११२२११२२ -१६
आई पृथिवीवारि -२२२२२१-११
माग्दछ भिक्षा ईश्वर मेरो -२११२२२२२२ -१६
आँगनमा एक भिखारी -२११२११११२२ -१३

## निष्कर्ष

कक्षा ९ को भिखारी कवितामा यी तिनै सम, अर्धसम र विषम प्रकृतिका मात्रिक छन्दको प्रयोग भएको छ। कविता शिक्षण गर्दा छन्द प्रयोग सम्बन्धी भर पर्दो जानकारी विद्यार्थीहरूलाई गराउनु पर्ने उद्देश्य पाठ्यक्रमले राखेको नभएपनि विद्यार्थीको जिज्ञासा उठेमा त्यसलाई चित्त बुझ्दो समाधान गर्न नेपाली विषय शिक्षकलाई समेत अलमल र झन्झटको अवस्था झेल्नुपर्ने देखिने भएकाले सकभर त्यस्ता कविता छन्द सम्बन्धी सामान्य ज्ञान भइसकेका माथिल्ला कक्षाका विद्यार्थीहरूका लागि राखिनु उचित देखिन्छ । अझ भन्ने हो भने उच्च तहमा नेपाली प्रधान विषय लिएका विद्यार्थीहरूका लागि मात्र यस्ता कविता समावेश गरिनु उपयुक्त हुन्छ । भिखारी कविता बाहेक अन्य कविताहरूमा पनि कविता शिक्षणका दृष्टिले छन्द र प्रयोग सम्बन्धी जानकारी दिनुपर्छ । अभ्यास खण्डमा पनि प्रयोगको नमूना राखिनु पर्ने देखिन्छ । यसबाट शिक्षक र विद्यार्थी दुवै लाभान्वित हुनुका साथै कविता वाचनमा अन्यौलको स्थिति रहँदैन ।

***लेखक परिचय***

*लेखक श्री गङ्गा बहादुर के.सी. सुर्खेत क्याम्पस (शिक्षा) मा नेपाली शिक्षा विषयको उप-प्राध्यापक हुनुहुन्छ ।*

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज, २०५६ *पूर्वीय समालोचना सिद्धान्त* (छैठौं संस्करण) काठमाडौं : साझा प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद २०४९, (दोस्रो संस्करण) *साहित्यको रूपरेखा,* काठमाडौं : साझा प्रकाशन ।

नेपाल, देवी २०३२, *छन्द-पराग,* काठमाडौं : भूँडीपुराण प्रकाशन ।

पा.वि.के., (२०५६/०५७), *नेपाली शिक्षक निर्देशिका कक्षा-नौ र कक्षा-दस* पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर ।

पा.वि.के., (२०५९), *नेपाली कक्षा १०,* (पुनमुद्रण) सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र नेपाल सरकार शिक्षा मन्त्रालय ।

पा.वि.के. (२०६९), *नेपाली कक्षा ९,* (पुनमुद्रण) सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र नेपाल सरकार शिक्षा मन्त्रालय ।

पराजुली, कृष्णप्रसाद (२०५५), *राम्रो रचना मीठो नेपाली* (बीसौं संस्करण), काठमाडौं : सहयोगी प्रेस ।

शै.ज.वि.के. (२०६९), *मागमा आधारित तालिम मोडुल* मा.वि. तह शैक्षिक जनशक्ति विकास केन्द्र - सुर्खेत ।

पा.वि.के. (२०५७), *माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा -९ र १०,* पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर ।

श्रेष्ठ, ईश्वर कुमार (२०५४), *पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली* (दोस्रो संस्करण), काठमाडौः साझा प्रकाशन ।

## परिसिष्टाङ्क
## पारिभाषिक शब्दहरू

छन्द - गति, यति, लय र मात्राको विधान
मात्रा - ह्रस्व अक्षर एक मात्रा र दीर्घ अक्षर दुई मात्रा हुने
पिङ्गल - छन्द शास्त्र बनाउने एक ऋषि, आचार्य, छन्दशास्त्र
वृत्त - वर्णहरूको गणना गरिने छन्द (वार्णिक छन्द)
जाति - मात्राको गणना गरिने छन्द (मात्रिक छन्द)
गण - तिन अक्षरको समूह
वंशस्थ - १२ अक्षरको ज त ज र गण हुने छन्दको नाम - वार्णिक छन्द
स्रग्धरा - २१ अक्षरको म र भ न य य य हुने छन्दको नाम - वार्णिक छन्द
इन्द्रवज्रा - त त ज गु गु गण हुने ११ अक्षरको छन्द (उपजाति) - वार्णिक छन्द
उपेन्द्रवज्रा - ज त ज गु गु गण हुने ११ अक्षरको छन्द (उपजाति) - वार्णिक छन्द
वसन्ततिलका- त भ ज ज गु गु हुने १४ अक्षरको छन्द - वार्णिक छन्द
मन्दाक्रान्ता - म भ न त त गु गु गण हुने १७ अक्षरको छन्द - वार्णिक छन्द
सम - चारै पाउमा एउटै मात्रा हुने - मानिक छन्द
अर्धसम - दुई पाउमा एक खाले र अर्को दुई पाउमा अर्को खाले मात्रा हुने - मात्रिक
विषम - चारै पाउमा भिन्नाभिन्नै मात्रा हुने - मात्रिक छन्द